“हरित नगर, समृद्ध दमक”

# दमक नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

दमक-झापा
१ नं. प्रदेश, नेपाल

☎ : ०२३-५८००४४, ५८०१३७
५८०५०२, ५८१०५३
फ्याक्स नं.: ०२३-५८०१४६
www.damakmun.gov.np
info@damakmun.gov.np

प.सं. ०७८/०७९
च.नं. ६०६८

मिति : २०७९/०२/२६

श्री सामुदायिक विद्यालयहरु सबै
दमक नगरपालिका

**विषय : विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धमा ।**

प्रस्तुत विषयमा सामुदायिक विद्यालयको सञ्चालन, व्यवस्थापन तथा रेखदेख गर्ने प्रयोजनका लागि गठन हुने विद्यालय व्यवस्थापन समितिको म्याद समाप्त भइसकेको भए शैक्षिक सत्र शुरु भए पछि प्रचलित कानुनमा उल्लेख भए बमोजिम विद्यालय व्यवस्थापन समिति गठन गर्ने व्यवस्था मिलाई विद्यालयका काम कारबाही सो समिति मार्फत अगाडि बढाउने व्यवस्था गर्नुहुन भनी श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरको च.नं २५६ मिति २०७९/०२/०३ तथा शिक्षा विकास तथा समन्वय इकाई झापाको च.नं १४२३१ मिति २०७९/०२/१९ को पत्र मार्फत लेखी आएकोमा दमक नगरपालिका नगर कार्यपालिकाको मिति २०७९/०२/२० गतेको निर्णयानुसार मिति २०७९ जेष्ठ मसान्तसम्म विद्यालयमा भर्ना भएका विद्यार्थीका अभिभावकको विवरणका आधारमा मिति २०७९ असार मसान्त सम्ममा दमक नगर आधारभूत तथा माध्यमिक शिक्षा ऐन, २०७६ को परिच्छेद १० दफा ६२ बमोजिम विद्यालय व्यवस्थापन समिति गठन गरिसक्न तपसिल अनुसार गर्नु गराउनुहुन अनुरोध छ ।

**तपसिल**

क) मिति २०७९ जेष्ठ मसान्तसम्म विद्यालयमा भर्ना अभियान सम्पन्न गर्ने,

ख) मिति २०७९/३/०१ गते सबै विद्यालयहरुले विद्यालयको सूचना पाटिमा अभिभावकहरुको सूची टाँस गर्ने,

ग) सो सूचनामा अभिभावकको नाम सच्याउनु पर्ने भए ३ दिनको समय दिने,

घ) नाम सच्याउने समय समाप्त भएपछि पुन : अभिभावकको संशोधित सूची प्रकाशित गरी दाबी विरोधका लागि उजुरी गर्न ३ दिनको समय दिने,

ङ) दावी विरोध गर्ने समय समाप्त भएपछि परेका उजुरी उपर आवश्यक छानविन गरी अन्तिम नामावली प्रकाशन गर्ने,

अधिकृत छैटौं
दमक नगरपालिका

"हरित नगर, समृद्ध दमक"
# दमक नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
दमक–झापा
१ नं. प्रदेश, नेपाल

☎ : ०२३–५८००४४, ५८०१३७
५८०५०२, ५८१०५३
फ्याक्स नं.: ०२३–५८०१४६
www.damakmun.gov.np
info@damakmun.gov.np

प.सं. ०७८/०७९
च.नं. ६०७४

च) अभिभावकको सूची प्रकाशन गर्ने कार्य समाप्त भएपछि यस नगरपालिकाको शिक्षा,युवा तथा खेलकुद शाखासँग समन्वय र परामर्श गरी विद्यालय व्यवस्थापन समिति गठन गर्ने प्रयोजनका लागि अभिभावक भेला बोलाउने ।

सोमनाथ गुरागाई
शिक्षा अधिकृत
अधिकृत छैटौं
दमक नगरपालिका

**बोधार्थ**
श्रीमान् नगर प्रमुख ज्यूको सचिवालय,
दमक नगरपालिका झापा
श्रीमान् नगर उपप्रमुख ज्यूको सचिवालय, दमक नगरपालिका झापा